




## हामी कसरी काम गर्छौं ?

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए) न्युयोर्कमा मुख्यालय रहेको स्वैच्छिक-सहायताप्राप्त अन्तर्राष्ट्रिय संस्था हो जसको १ सय ५० भन्दा बढी मुलुकहरूमा उपस्थिति छ। यूएनएफपीए जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (आईसीपीडी) को कार्य योजना १९९४ द्वारा निर्देशित छ जसका कार्य र सुझावहरू २० वर्षे समीक्षा र दिगो विकासका लक्ष्यहरू- खासगरी स्वास्थ्यसम्वन्धी लक्ष्य ३, शिक्षासम्बन्धी लक्ष्य ४ र लैंगिक समानतासम्बन्धी लक्ष्य ५ मा पहिचान गरिएका थिए।

यूएनएफपीएको काम सबै मानिस समान अधिकार र सुरक्षाको अधिकार राख्छन् भन्ने मान्यतामा आधारित छ। हामी महिला र युवामा ज्यादा केन्द्रित छौं। किनभने यी त्यस्ता समूह हुन् जसको यौन तथा प्रजनन् स्वास्थसम्वन्धी आफ्नो अधिकार उपयोग गर्ने क्षमता प्रायः वाध्यता वा सौदावाजीमा पर्ने गर्छ। हाम्रा कामहरू जनसंख्याको गतिशीलता, मानव अधिकारहरू र सांस्कृतिक संवेदनशीलतासम्वन्धी ज्ञानद्वारा सूचित छन्।

स्रोतहरू : १ नेपाल बहुसूचक क्षेत्रगत सर्वेक्षण २०१४ र
२ नेपालका लागि जनसंख्यासम्वन्धी अनुमानहरू (२०११-२०३१)

UNFPA

संयुक्त राष्टसंघीय जनसंख्या कोष
ललितपुर, नेपाल
nepal.unfpa.org

+९७७ १ ५५२३८८०
+९७७ १ ५५२३९८५
registry-np@unfpa.org

UNFPA Nepal
@UNFPA Nepal



UNFPA

# महिला तथा युवाका निम्ति



यूएनएफपीए
त्यस्तो विश्वको परिकल्पना गर्दछ-
जहाँ हरेक गर्भधारण इच्छित होस्,
हरेक बच्चाको जन्म सुरक्षित होस्
र हरेक युवाको संभाव्यता
परिपूर्ण होस्।










### यूएनएफपीए संयुक्त राष्ट्रसंघको यस्तो प्रमुख निकाय हो जसले एउटा त्यस्तो विश्वको परिकल्पना गर्दछ- जहाँ हरेक गर्भधारण इच्छित होस्, हरेक बच्चाको जन्म सुरक्षित होस् र हरेक युवाको संभाव्यता परिपूर्ण होस् ।

सन् १९७१ देखि नेपालमा कार्य गर्न थालेयता यूएनएफपीएले नेपाल सरकार, विकास साझेदारहरू, सांसदहरू, नागरिक समाज, युवा र अन्य सरोकारवालाहरूसित मिलेर सबैका लागि यौन तथा प्रजनन् स्वास्थ र अधिकार प्रवर्द्धन गर्न, बच्चा जन्माउने क्रममा कुनै महिलाको मृत्यु नहुने सुनिश्चित गर्न, सीमान्तिकृतहरूलाई सशक्त बनाउन, विपन्न र पहुँचदेखि टाढाका जनतालाई आत्मसम्मानका साथ जिउन र उनीहरूको मानव अधिकार उपयोग गर्नका लागि काम गरीरहेको छ ।

संयुक्त राष्ट्रसंघको विकास सहायता फ्रेमर्वक भित्र रहेर यूएनएफपीएले पाँच वर्षे कार्यक्रमको चक्रहरूमार्फ्त राष्ट्रिय र स्थानीय दुबै तहहरूमा काम गर्दछ । हाम्रा प्राथमिकताहरू नेपाल सरकारले तोकेका नेपालका प्राथमिकताहरूसित मिल्दाजुल्दा छन् जुन तीन प्रमुख अन्तर्सम्वन्धित क्षेत्रहरू- यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारहरू, लैंगिक समानता र जनसंख्याको गतिशीलतासँग सम्वद्ध छन् ।

## त्यस्तो विश्वको परिकल्पना जहाँ हरेक गर्भधारण इच्छित होस्

### यौन तथा प्रजनन् स्वास्थ्य

महिलाको जीवनमा बालबच्चाहरू कति पाउने र कति समयको जन्मान्तरमा पाउने भन्ने निर्णय स्वतन्त्र रूपमा गर्न पाउने अधिकारभन्दा पनि अरु नै केही चिजहरूको ठूलो प्रभाव छ । अझै पनि बच्चा नजन्माउन वा ढिलो जन्माउन चाहने नेपालका १५ देखि १९ वर्षका २५ प्रतिशत महिला गर्भधारण रोक्नका लागि आवश्यक पर्ने सेवा र साधनहरूको पहुँचको अभावमा छन् वा उनीहरूलाई त्यस्तो सेवा र साधनहरूबाट वञ्चित गरिएको छ । उनीहरूलाई हामी निम्न अनुसार सम्वोधन गर्छौं-

- किशोरकिशोरी-मैत्री यौन र प्रजनन् स्वस्थ्य कार्यक्रमहरूको सशक्तीकरण
- प्रजनन् स्वास्थसम्वन्धी सामग्रीहरूको आपूर्ति-शृंखला व्यवस्थापनका साथै परिवार नियोजन र सुरक्षित मातृत्वसम्वन्धी कार्यक्रमहरूको सवलीकरण
- प्रजन् स्वास्थ्यसँग सम्बन्धित रोगहरूको न्यूनीकरण, पाठेघर खस्ने, प्रसूती-घाउ (अब्स्ट्रेटिक फिस्टुला), सर्भिकल क्यान्सर आदिको रेखदेखर र उपचारको गुणस्तर सुदृढीकरण
- वृहत्तर यौनिकता शिक्षा प्रवर्द्धन
- मानवीय सहायताहरूमा तयारी र आपत्कालीन आवस्थाहरूमा सहायता (न्यूनतम आधारभूत सेवा प्याकेज : आपत्कालीन अबस्थाहरूमा यौन तथा प्रजनन् स्वास्थ्य, यौन तथा प्रजनन् स्वास्थ्य/लैंगिक हिंसासँग सम्वद्ध)
- वृहत्तर यौन तथा प्रजनन् स्वास्थ्य तालीम स्थलहरूको स्थापना र प्रवर्द्धन
- मिडवाइफ शिक्षालाई सहयोग तथा प्रवर्द्धन

## हरेक बच्चाको जन्म सुरक्षित होस्

### लैंगिक समानता

लैंगिक समानता मानव अधिकार हो । महिलाहरू आत्मसम्मान र अरुहरूको भयबाट मुक्त हुने अधिकार राख्छन् । तर किशोरी र महिलाहरूले अझै पनि उनीहरूका पुरुष समकक्षीको तुलनामा आर्थिक स्वतन्त्रता, शिक्षा र आफ्ना व्यक्तिगत आकांक्षाहरू अनुभूत गर्ने जस्ता समान प्रकृतिका अवसरहरू उपयोग गर्नका निम्ति धेरै चुनौतिहरू सामना गर्नु पर्छ । महिला र किशोरीहरूविरुद्धको हिंसा नेपालमा एउटा व्यापक प्रकृतिको मानव अधिकार उल्लंघन हो । यसले पीडितहरूको स्वास्थ्य, आत्मसम्मान, सुरक्षा, स्वतन्त्रतालाई उपेक्षा गर्छ र अझ यस्ता हिंसाहरूप्रति मौन संस्कृति अवलम्बन गरिदिन्छ । यूएनएफपीएका कार्यक्रमहरू निम्न पक्षहरूमा केन्द्रित छन् :

- जिल्ला अस्पतालहरू, एक द्वार संकट व्यवस्थापन केन्द्रहरूलाई सुदृढ गराएर लैंगिक हिंसा विरुद्धका स्वास्थ्यसम्बन्धी सेवाहरूको सुधार र लैंगिक हिंसा विरुद्ध वहुक्षेत्रीय सेवाहरू (मनोसामाजिक सहायता, सुरक्षित घरहरू, प्रहरी र कानूनी सहायताका लागि सिफारिस आदि) को सुदढीकरण
- वलात्कारका घटनाहरूको व्यवस्थापनका साथै लैंगिक हिंसाको चिकित्सकीय व्यवस्थापनमा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि
- बालविवाहजस्ता हानिकारक अभ्यासहरूलाई उन्मूलन गर्न महिला र युवालाई सशक्तीकरण तथा परिचालन गर्ने
- लैंगिक हिंसासम्वन्धी सूचना व्यवस्थापन प्रणाली (GBVIMS) मार्फत् लैंगिक हिंसासम्वन्धी तथ्यांकको उपलब्धताका लागि योगदान पुऱ्याउने
- पुरुष तथा युवकहरू, प्रभावशाली नेताहरू र अभिभावकहरूलाई लैंगिक हिंसा अन्त्य गर्नका लागि परिचालन गर्ने

## र हरेक युवाको संभाव्यता परिपूर्ण होस्

### जनसंख्याको गतिशीलता

नेपालमा यसअघि यति धेरै युवा कहिल्यै भएका थिएनन् । मुलुकको कूल जनसंख्याको ३१ दशमलव १ प्रतिशत युवा (१० देखि २४ वर्षका) छन् । विकास योजनाका लागि जनसंख्या तथ्यांकको सही संकलन र विश्लेषण महत्वपूर्ण छ । युवाको ज्ञान तथा सीप अभिवृद्धि गरियो भने त्यसले उनीहरूलाई जानकारीपूर्ण निर्णयहरू गर्न, आफ्ना संभाव्यताहरूको पूर्ण महसूस गर्न र आर्थिक तथा समाजिक रुपान्ताणमा योगदान पुऱ्याउनका लागि मद्दत पुऱ्याउन सक्छ । यी पक्षहरूलाई यूएनएफपीएले निम्न तरीकाबाट सम्वोधन गर्छ :

- नेपालको जनसांख्यिक प्रवृत्तिहरूमा केन्द्रीय तथ्यांक र आवधिक सर्वेक्षहरूलाई सघाउने
- जनसंख्या र युवासम्बन्धी विषयवस्तुबारे तथ्यहरूमा आधारित नीतिहरूको तर्जुमा गर्ने
- तथ्यांक विश्लेषण र अनुसन्धान पद्धतिहरूका लागि राष्ट्रिय क्षमता निर्माण गर्ने
- स्थानीय तहको योजनामार्फत् दिगो विकाससम्वन्धी लक्ष्यहरूलाई स्थानीयकरण गर्ने
- स्थानीय योजना र युवा-मैत्री बजेट तर्जुमा प्रभाव पार्नका लागि युवा सञ्जालहरूको सशक्तीकरण गर्ने